# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बुद्धनगर, रुपन्देही

प्रथम पटक प्रकाशित मिति २०७४/०८/०८

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस नगरपालिका कार्यालयमा खटिई काम काज गर्ने गरी सेवा करारमा लिनुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालय, बुद्धनगरमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) रिक्त पदको विवरण

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | ०१/०७४-७५ | सुचना प्रविधि अधिकृत | १ |

ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता: लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc CSIT) उपाधि प्राप्त गरेको ।

ग) **आवश्यक कागजात:** (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी (३) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । साथै प्रमाण पत्रका प्रतिलिपीहरु स्वयंम प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

घ) **उमेरको हद** : दरखास्त बुझाउने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिला र अपाङ्ग उमेदवारको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

ङ) **कार्यअवधि:** हालका लागि सेवा करार अवधि चालू आर्थिक बर्ष २०७४/७५ (२०७५ असार मसान्त) सम्म हुनेछ ।

च) उम्मेदवारको छनौट प्रकृया छोटो सूची विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुनेछ ।

छ) दरखास्त फाराम यस यस कार्यालयको वेवसाइट www.sainamainamun.gov.np बाट download गरी प्राप्त गर्न सकिनेछ । रितपुर्वक दरखास्त फाराम भरी यस कार्यालयमा बुझाउनु पर्ने छ । रित नपुऱ्याई आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

ज) दरखास्त दस्तुर बापत रू. १०००/- (एक हजार मात्र) यस कार्यालयमा नगद बुझाई सो को रसिद संलग्न गर्नु पर्ने छ ।

झ) **सेवा र सुविधा:** तलब रु ४००००|- (चालीस हजार)

**द्रष्टव्य:** विस्तृत जानकारीको लागि सैनामैना नगरपालिकाको वेवसाइट www.sainamainamun.gov.np मा हेर्नुहुन तथा यस कार्यालयको फोन नं. ०७१-४४०५५३ मा सम्पर्क गर्न सकिने छ ।

पदपूर्ति समिति